# राष्ट्रिय सूचना आयोग

## का.म.न.पा.-१० (देवीनगर) काठमाडौँ

प.सं. ०७८/७९
च.नं.

**सार्वजनिक खरिद सम्बन्धी सम्पूर्ण कार्यहरू पारदर्शी बनाउन देशै भरका सार्वजनिक निकाय र बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई गरिएको आदेश सम्वन्धी प्रेस विज्ञप्ति**

कपिलवस्तु निवासी श्री अनुप पन्थीले मिति २०७८।०४।१४ मा बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भ्रष्टाचारजन्य गम्भीर प्रकृतिका विकृति विसंगतीको निवारणका लागि सरकारी तथा गैर सरकारी तहबाट विभिन्न प्रयास भै रहेको र त्यस्ता प्रयासलाई सफल बनाउने सम्बन्धमा सम्मानीत राष्ट्रिय सूचना आयोगको पनि अर्थपूर्ण भूमिका रहेको हुँदा भन्दै सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(छ) बमोजिम आयोगबाट सार्वजनिक खरिद सम्बन्धी सम्पुर्ण विवरण तथा खरिद सम्झौता वेवसाइट मार्फत सार्वजनिकीकरण गर्ने गराउने आदेश हुन निवेदन दिनु भएको थियो ।

सो विषय सार्वजनिक खरिद ऐनसँग सम्बन्धित भएको हुँदा आदेश दिनु अगाडी सम्बन्धित निकायसँग छलफल गर्दा सार्वजनिक खरिदका कार्य प्रकिया तथा निर्णय जति सक्दो पारदर्शी बनाउन आवश्यक रहेको सन्दर्भमा माग भए बमोजिमको आदेश गर्न उपयुक्त भएको राय सार्वजनिक खरीद तथा अनुगमन कार्यालयसंगको छलफलमा प्राप्त भएको थियो ।

लोकतान्त्रिक पद्धतिको महत्वपूर्ण पक्ष भनेको सर्वसाधारण नागरिकको सहभागिता र संलग्नता हो । सर्वसाधारण नागरिकका नाममा वा सर्वसाधारण नागरिकका लागि गरिने प्रत्येक कार्य, कियाकलाप, नीति निर्माण, खरिद तथा खर्चको विवरणका बारेमा सर्वसाधारण नागरिकले थाहा पाउनु आवश्यक हुन्छ । देशको विकास र समृद्धिका लागि पारदर्शी, जवाफदेही र उत्तरदायी सार्वजनिक निकायको आवश्यकता पर्दछ ।

देशलाई आर्थिक विकासको बाटोमा द्रुत गतिमा लैजान प्रत्येक वर्ष सार्वजनिक निकायहरु मार्फत नियमित रुपमा ठूला देखि साना आकारका खरिदहरु हुने गरेको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयको वार्षिक प्रतिवेदन २०७७ का अनुसार विद्युतीय माध्यमबाट मात्र बोलपत्र आह्वान भएको लागत ५३ खर्ब ९३ अर्ब रुपिया भन्दा बढी रहेको पाइन्छ । त्यस भन्दा बाहेक पनि खरिद गरिने हुँदा कूल खरिद गरिने रकमको आकार निकै ठूलो हुने स्पष्ट छ । यस्ता खरिद प्रकियामा पारदर्शिताको अभावमा अनियमितता हुन सक्ने संभावनालाई नकार्न सकिँदैन । सार्वजनिक निकायहरु खरिद प्रकियामा स्वच्छ, पारदर्शी र जवाफदेही भईदिँदा सार्वजनिक खर्च उपयुक्त ठाउँमा भई उपलब्धिमूलक हुन सक्छ भने अनियमितता तथा दुरुपयोग भईदिँदा खोजेको प्रतिफल प्राप्त हुन सक्दैन ।

समय समयमा सार्वजनिक खरिदका कममा भएका अनियमितता तथा भ्रष्टाचारका विषयहरु सार्वजनिक हुने गरेका छन् । सर्वसाधारण नागरिकबाट उठाएको राजश्व खर्च गरी गरिने सार्वजनिक खरिदका प्रकिया जति पारदर्शी हुन सक्यो त्यति नै अनियमितता कम हुने अवस्था हुन्छ । सार्वजनिक निर्माणस्थलमा तोकिएको विवरण सहितको बोर्ड राख्ने सम्बन्धी निर्देशन पटक पटक नेपाल सरकारले पनि गरेको पाइन्छ । सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा सार्वजनिक खरिद ऐन, २०६३ र यस अन्तर्गत बनेका नियम तथा कार्यविधिले पनि पारदर्शितालाई मूल आधार बनाएको पाइन्छ । सार्वजनिक खरिद सार्वजनिक चासोको विषय पनि हो ।

उल्लेखित सन्दर्भलाई समेत ध्यानमा राखी सार्वजनिक खरिदका सन्दर्भमा नेपाल सरकारका निकायहरुका हकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालय मार्फत, प्रदेशस्तरका सार्वजनिक निकायका हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत र स्थानिय तहका हकमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमार्फत र वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकूलपतिका नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(छ) बमोजिम देहायको कार्य गर्न गराउन आयोगले आदेश दिने निर्णय गरेको छ ।

१ सार्वजनिक खरिद सम्बन्धी सम्पूर्ण कार्यहरू (शुरुदेखि अन्त्यसम्म) पारदर्शी बनाउने । यसका लागि प्रत्येक सार्वजनिक निकायले आफ्नो वेवसाइटमार्फत र अन्य माध्यमबाट समेत सार्वजनिक गर्दै जाने ।

२ सार्वजनिक खरिद सम्बन्धी सम्झौता खरिद कार्य सम्पन्न भएको समयदेखि १ वर्षसम्म अनिवार्य रुपमा सार्वजनिक निकायको वेवसाइटमा राख्ने ।

३ सार्वजनिक खरिद सम्बन्धी विषयलाई सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम प्रत्येक तीन महिनामा प्रकाशन गर्ने प्रकाशनमा अनिवार्य रुपमा समावेश गर्ने ।

४ भौतिक निर्माण सम्बन्धी सार्वजनिक खरिद भएको अवस्थामा निर्माणस्थलमा अनिवार्य रुपमा निर्माण कार्यको नाम, निर्माणकर्ताको नाम, ठेगाना, सम्पर्क नं., खरिदको मूल्य, निर्माण सम्पन्न हुने मिति, निर्माणका मूख्य मूख्य क्रियाकलाप, निरिक्षण वा अनुगमन गर्ने निकाय र पदाधिकारीको नाम, पद र सम्पर्क नं. उल्लेख गरेको बोर्ड राख्न लगाउने ।

५ सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिद सम्बन्धी कानूनमा सार्वजनिक खरिद सम्बन्धी क्रियाकलापलाई थप पारदर्शी हुने व्यवस्था/प्रावधान समावेश गर्न तथा बुँदा नं. १, २ र ३ बमोजिम भए नभएको अनुगमन गर्न निर्देशन दिने ।

२०७८ भदौ १३, आइतवार

कमला ओली थापा
प्रवक्ता तथा सूचना आयुक्त